# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४८) काठमाडौं, मंसीर २५ गते २०५५ साल (अतिरिक्ताङ्क ५७

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजका हजूरमा सूचना तथा संचार मन्त्री श्री राधाकृष्ण मैनाली, कानून तथा न्याय मन्त्री श्री सीतानन्दन राय, कृषि मन्त्री श्री त्रिलोचन ढकाल, स्थानीय विकास मन्त्री श्री केशवलाल श्रेष्ठ, आवास तथा भौतिक योजना मन्त्री श्री राजेन्द्रप्रसाद श्रेष्ठ, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री यामलाल कँडेल, उद्योग मन्त्री श्री हेमराज राई, जनसंख्या तथा वातावरण मन्त्री श्री अम्बिका साँवा, श्रम राज्यमन्त्री श्री गोविन्दनाथ-उप्रेती, वाणिज्य राज्यमन्त्री श्री जगतबहादुर बोगटी, स्थानीय विकास सहायक मन्त्री श्री देवबहादुर पौडेल क्षेत्री, सूचना तथा संचार सहायक मन्त्री श्री यज्ञराज न्यौपाने र उद्योग सहायक मन्त्री श्री लक्ष्मीनारायण चौधरीसमेतले प्रधानमन्त्रीमार्फत आ-आफ्नो पदबाट चढाउनु भएको राजीनामा प्रधानमन्त्रीले मिति २०५५।८।२५ मा स्वीकृतिका लागि जाहेर गर्नु भएको विषय तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम वर्तमान प्रतिनिधि सभा विघटन गरी नयाँ प्रतिनिधि सभाका लागि २०५५ साल चैत्र १७ गते बुधबारका दिन निर्वाचन हुने मितिसमेत तोकिबक्सन मन्त्रिपरिषद्को निर्णय अनुसार मिति २०५५।८।२५ का दिन १२.३० बजे चढाउनु भएको सिफारिश र सोही दिन अपरान्ह १४.३० बजे माननीय वामदेव गौतमसमेत प्रतिनिधि सभाका ६२ जना

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

608

सदस्यहरूले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (३) बमोजिम प्रतिनिधि सभाको अधिवेशन बोलाइबक्सन चढाउनु भएको समावेदनसमेतको विषयहरू मिति २०५५।८।२५ मा बसेको राजप्रतिनिधि परिषद्को बैठकमा प्रस्तुत हुँदा उक्त तीनवटै विषयहरू श्री ५ महाराजाधिराज सरकार स्वदेश फिरिबक्सेपछि जाहेर गर्ने निर्णय गरेको छ ।

हुकुम बक्से बमोजिम,
प्रमुख सचिव, पशुपतिभक्त महर्जन
सदस्य-सचिव, राजप्रतिनिधि परिषद्



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।